पूर्वीचौकी गाउँपालिकाको आर्थिक ऐन , २०७९

पूर्वीचौकी गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना : पूर्वीचौकी गाउपालिकाको आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम पूर्वीचौकी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम आर्थिक ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन २०७८ श्रावण १ गते देखि पूर्वीचौकी गाउपालिका क्षेत्रमा लागु हुनेछ ।

(३) पुर्वीचौकी गाउपालिकाको राजश्व परामर्श समितीको प्रतिवेदन २०७९ अनुसार तल उल्लेखित राजश्व संकलन तथा छुट गरिने छ ।

२.सम्पती कर : गाउँपालिकाको क्षेत्र भित्र अनुसूची (१) बमोजिमको मालपोत कर (घर जग्गा कर) लगाइने र असूल उपर गरिने छ ।

३.घर वहाल कर : गाउँपालिकाको क्षेत्र भित्र अनुसूची (२) बमोजिमको घरवहाल कर लगाइने र असूल उपर गरिने छ ।

४. व्यवसायिक कर : गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनूसूची (३) बमोजिम व्यवशायिक कर लगाइने र असूल उपर गरिने छ ।

५. व्यापारिक वस्तु कर : गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा आधारित थोक तथा खुद्रा व्यापार, पेट्रोल पम्प, विद्युतिय सामान विक्रि तथा मर्मत, निर्माण सामग्री पसल लगायत आर्थिक कारोवारका आधारमा अनूसूची (३) बमोजिम व्यापारिक वस्तु कर लगाइने र असूल उपर गरिने छ ।

६.अन्य सेवा कर : गाउँपालिका क्षेत्र भित्र संचालित व्यापार, व्यवसाय वा सेवामा श्रृंगार,फर्निचर,भाडा, स्टेशनरी लगायत अन्य व्यवशाय कारोवारका आधारमा अनूसूची (५) बमोजिम अन्य सेवा कर लगाइने र असूल उपर गरिने छ ।

७ कृषि जन्य उद्योग कर : गाउपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले कृषि तथा वन पैदावारमा आधारित पसल फर्निचर उद्योग र कृषि तथा जडिबुटी निकासी गरिने कारोवारका आधारमा अनूसुचि (४) वमोजिम कर लगाईने र असूल उपर गरिने छ ।

८.उर्जामूलक उद्योग कर : गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले कुनै किसिमको उत्पादनमुलक उद्योग र वायो ग्यास तथा अन्य सौर्य प्रविधि, मिल र अन्य स्रोतहरुको कारोवारको आधारमा अनूसूची (४) बमोजिमको उर्जामुलक उद्योग कर लगाइने र असूल उपर गरिने छ ।

९.वित्तिय सेवा कर : गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले कुनै किसिमको वित्तिय संस्था संचालन, निर्माण व्यवशायि, रेमिटान्स सेवा, किलनिक, गैर सरकारी अस्पतालहरुको कारोवारको आधारमा अनूसूची (४) बमोजिमको वित्तिय सेवा कर लगाइने र असूल उपर गरिने छ ।

CamScanner

१०.संचार सेवा कर : गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले कुनै किसिमको कुरियर, ईमेल, ईन्टरनेट लगायतको सेवा संचालन गरेको आधारमा अनूसूची (४) बमोजिमको संचार सेवा कर लगाइने र असूल उपर गरिने छ ।

११. विशेषयज्ञ परामर्श र अन्य व्यवशायिक सेवा कर : गाउपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कुनै किसिमको चिकित्सक सेवा, ल-फर्म, कन्सल्टेन्सी फर्महरुको कारोवारका आधारमा अनूसूचि (४) बमोजिम विशेषयज्ञ परामर्श तथा अन्य व्यवशायिक सेवा कर लगाईने र असूल उपर गरिने छ ।

१२. अन्य व्यवशाय कर : गाउपालिकाको क्षेत्रभित्र कुनै व्यक्तिले कवाडी सामानको थोक विक्रेताको कारोवारका आधारमा अनूसूचि (४) बमोजिम अन्य व्यवशाय कर लगाईने र असूल उपर गरिने छ ।

१३.सामान्य उद्योग : गाउपालिकाको क्षेत्रभित्र कुनै व्यक्तिले ग्रिल उद्योग, कटिङ उद्योग र अन्य उद्योग संचालन तथा कारोवारका आधारमा अनूसूचि (४) बमोजिम सामान्य उद्योग कर लगाईने र असूल उपर गरिने छ ।

१४. काठ ढुवानी कर : गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले खयर वा सो सरहको काठ, कुकाठ लगायतको ट्रक तथा टयाक्टरमा ढुवानी गरेको कारोवारका आधारमा अनूसूचि (४) बमोजिम काठ ढुवानी कर लगाइने र असूल उपर गरिने छ ।

१५. बहाल/विरोटी शुल्क र हाट वजार कर : गाउँपालिको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले हाट वजार संचालन र बहाल/विरोटी शुल्क कारोवारका आधारमा अनूसुची (४) वमोजिम कर लगाइने र असूल उपर गरिने छ ।

१६. प्राकृतिक साधन उपयोग कर : गाउँपालिको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ढुङ्गा, गिटी, वालुवा छपनि सादा ढूङ्गा र माटो पैठारी सम्वन्धि कारोवारका आधारमा अनूसुची (४) वमोजिम प्राकृतिक साधन उपयोग कर लगाइने र असूल उपर गरिने छ ।

१७. प्रति व्यावशायिक कर : गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले गाडीमा सामान घुमाएर वेच्ने र खाद्यान्न सामग्री घुमाएर वेच्ने कारोवारका आधारमा अनूसुची (४) वमोजिम प्रति व्यावशायिक कर लगाइने र असूल उपर गरिने छ ।

१८.निकासी कर : गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले पशुजन्य वस्तुहरुको निकासी कारोवारका आधारमा अनूसुची (४) वमोजिम निकासी कर लगाइने र असूल उपर गरिने छ ।

१९.पोल्ट्रिफर्म संचालन कर : गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले पोल्ट्री फर्म संचालन गरे वापत कारोवारका आधारमा अनूसुची (४) वमोजिम पोल्ट्री फर्म संचालन कर लगाइने र असूल उपर गरिने छ ।

२०.विज्ञापन कर : गाउँपालिकाको क्षेत्र भित्र हुने विज्ञापन अनूसुची (५) वमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

CamScanner

२१. **पार्किङ शुल्क कर :** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ठुला तथा साना सवारी साधनहरु पार्किङ स्थलमा पार्किङ गरेमा अनुसुची (६) वमोजिम पार्किङ शुल्क कर लगाईने र असुल उपर गरिनेछ ।

२२. **कर छुट :** योजनाहरु, छात्रवृत्ति, आर्थिक सहायता, नि:शुल्क स्वास्थ्य उपचार, दैवि प्रकोप र जेष्ठ नागरिक भत्ता प्राप्तको लागी गरिने मन्जुरनामाको सिफारिसमा सिफारिस दस्तुर छुट दिने र यसमा उल्लेखित अनूसूचीमा कर नलाग्ने भनि उल्लेख गरेका र यस वाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कूनै किसिमको कर छूट दिईने छैन ।

२३. **कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

२४. गाउँपालिकाले प्रदान गर्ने सेवा शुल्कको दस्तुर अनूसूचि (७) बमोजिम हुनेछ ।

२५. यसमा छुट हुन गएका कर दस्तुर सिफारिस र अन्य शुल्क र कार्य सम्पादन सम्वन्धंमा कार्यपालिकाले राजश्व परामर्श समितिको सिफारिसमा अवस्था अनुसार मापदण्ड वनाई कर दस्तुर सिफारिस र अन्य शुल्क सम्वन्धमा निर्णय गर्न सक्नेछ ।

करका श्रोत, दर तथा दायराहरु

अनुसुचि १

सि. न.	शिर्षक	दर रु मा	कैफियत
१	**मालपोत कर(प्रति रोपनी)**		
क	अब्वल	५	
ख	दोयम	४	
ग	सिम	३	
घ	चाहार	२	
	अनूसूचि २		
२	घर बाहाल **कर वर्ग फिटमा प्रति वर्गफिट**		
क	कच्चि घर	०।१	
ख	पक्कि घर	०।२५	
	अनूसूचि ३		
३	**व्यवसायिक कर**		
क	साधारण होटल तथा चिया नास्ता पसल	५१०	
ख	रेष्टूरेन्ट एण्ड लज	५५०।	
४	**व्यापारिक वस्तु कर**		
क	किराना थोक पसल	५१०।	
ख	किराना खूद्रा पसल	२५०।	
ग	कपडा थोक पसल	५१०।	
घ	कपडा खुद्रा पसल	२५०।	

ङ	पेट्रोल पम्प	२०,०००।	
च	विद्युत सामान तथा विद्युतिय सामाग्रि (टिभि, घडि, मोबाइल, रेडियो) बिक्रि तथा मर्मच	५१०।	
छ	हेभि ईक्विमेन्ट (बस, ट्रक, कार, मोटर साइकल, टेम्पो, साइकल मर्मत, कारखाना तथा टायर मर्मत केन्द्र)	१०५०।	
ज	निर्माण सामाग्री पसल	८५०।	
झ	सून चांदी पसल	५५०।	
ञ	उनि धागो पसल	१५०।	
ट	जुता चप्पल पसल	२५०।	
ठ	सपिङ सेन्टर	३५०।	
५	**अन्य सेवा**		
क	श्रृगार पसल	२५०	
ख	फर्निचर पसल	५५०।	
ग	भाडा र गिफ्ट पसल	२५०	
घ	केबुल नेटवर्किङ	२५०।	
ङ	स्टेशनरी पसल	५५०।	
च	नर्सरि तथा फलफुलका विरुवा विक्रि वितरण पसल	६०।	
छ	तरकारी पसल	६०।	
ज	बिज भण्डार	६०।	
झ	मासु पसल	५५०।	
ञ	कपडा सिलाई	१६०।	
ट	हेयर कटींगं	११०	
ठ	आर्ट	११०।	
ड	फोटो स्टूडियो	२५०	
ण	रंगरोधन	२५०।	
त	चश्मा पसल	११०।	
थ	मर्मत संभार	११०।	
	अनुसूचि ४		
६	**कृषजन्य उद्योग**		
क	कृषि वा वन पैदावारमा आधारित पसल, फर्निचर उद्योग	३५००।	
ख	कृषि तथा जडिबुटी निकासि	२५००।	
७	**उर्जामुलक उद्योग**		
क	वायो ग्यास तथा अन्य सौर्य प्रविधि र अन्य स्रोतहरु	२००।	
ख	उत्पादनमुलक उद्योग (पाउरोटी, चाउमीन)	५५०।	

CamScanner

ङ	पेट्रोल पम्प	२०,०००।	
च	विद्युत सामान तथा विद्युतिय सामाग्रि (टिभि, घडि, मोबाइल, रेडियो) बिक्रि तथा मर्मच	५१०।	
छ	हेभि ईक्विमेन्ट (बस, ट्रक, कार, मोटर साइकल, टेम्पो, साइकल मर्मत, कारखाना तथा टायर मर्मत केन्द्र)	१०५०।	
ज	निर्माण सामाग्री पसल	८५०।	
झ	सून चांदी पसल	५५०।	
ञ	उनि धागो पसल	१५०।	
ट	जुत्ता चप्पल पसल	२५०।	
ठ	सपिङ सेन्टर	३५०।	
५	**अन्य सेवा**		
क	श्रृगार पसल	२५०	
ख	फर्निचर पसल	५५०।	
ग	भाडा र गिफ्ट पसल	२५०	
घ	केबुल नेटवर्किङ	२५०।	
ङ	स्टेशनरी पसल	५५०।	
च	नर्सरि तथा फलफुलका विरुवा विक्रि वितरण पसल	६०।	
छ	तरकारी पसल	६०।	
ज	बिज भण्डार	६०।	
झ	मासु पसल	५५०।	
ञ	कपडा सिलाई	१६०।	
ट	हेयर कटींगं	११०	
ठ	आर्ट	११०।	
ड	फोटो स्टूडियो	२५०	
ण	रंगरोधन	२५०।	
त	चश्मा पसल	११०।	
थ	मर्मत संभार	११०।	
	अनुसूचि ४		
६	**कृषजन्य उद्योग**		
क	कृषि वा वन पैदावारमा आधारित पसल, फर्निचर उद्योग	३५००।	
ख	कृषि तथा जडिबुटी निकासि	२५००।	
७	**उर्जामुलक उद्योग**		
क	वायो ग्यास तथा अन्य सौर्य प्रविधि र अन्य स्रोतहरु	२००।	
ख	उत्पादनमुलक उद्योग (पाउरोटी, चाउमीन)	५५०।	

ग	मिल	५५०।	
८	**वितिय सेवा**		
क	वितिय संस्था र सहकारी संस्था	१५०।	
ख	रेमिटान्स सेवा	१५०	
ग	स्वास्थ्य सेवा		
घ	निजि तथ गैरसरकारी अस्पताल	२००।	
ङ	क्लिनिक तथा ल्याव	५५०।	
च	निर्माण व्यावसायि (क,ख,ग,घ)	१०५०, ८५०, ७५०,५५०	
९	**संचार सेवा**		
क	निजि क्षेत्रका कुरियर, फ्याक्स, इमेल, इन्टरनेट र टेलिफोन	१५०।	
१०	**विशेषयज्ञ परामर्श र अन्य व्यवसायिक सेवा**	**१५०**	
क	चिकित्सक विशेषज्ञ स्वास्थ्य सहायक, कविराज सेवा	५५०।	
ख	ल-फर्म	५५०।	
ग	कन्सल्टेन्सि फर्म	५५०।	
घ	अडिटर फर्म	५५०।	
११	**अन्य व्यावसाय**		
क	कवाडि सामानको थोक विक्रेता	१०१००।	
१२	**सामान्य उद्योग**		
क	कटिङ ढुङ्गा उद्योग	५५०।	
ख	ग्रिल उद्योग	१०५०।	
ग	अन्य उद्योग	५५०।	
१३	**काठ ढुवानि कर**		
क	खयर वा सो सरहको काठ		
ख	ट्रक	३५००।	
ग	ट्याक्टर	२५००।	
घ	कु-काठ वा सो सरहको काठ		
ङ	ट्रक	२५००।	
च	ट्याक्टर	१५००।	
१४	**बहाल/विरोटी शुल्क**	५००।	
१५	**हाट बजार**	५००।	
१६	**प्राकृतिक साधन उपयोग कर**		
क	ढुङ्गा गिट्टि प्रति हेभि ट्रक	३००।	

CamScanner

ख	ढुङ्गा गिट्टि प्रति मिनि ट्रक	२५०।	
ग	ढुङ्गा गिट्टि प्रति हेभि ट्र्याक्टर	१५०।	
घ	बालुवा प्रति ट्रक	३५०।	
ङ	छपनि सादा ढुङ्गा प्रति ट्र्याक्टर	१५०।	
च	कालि माटि र रातो माटो प्रति ट्र्याक्टर	२५०।	
१७	**प्रति व्यावसायिक कर**		
क	गाडिमा सामान घुमाएर वेच्नेहरुका लागि प्रति पटक	१५०।	
ख	खाद्यान्न सामाग्रि घुमाएर वेच्नेहरुको लागि प्रति पटक	५५।	
१८	**निकासि कर**		
क	रागा, भैंसि र बंगुर प्रति गोटा निकास	३५०।	
ख	खसि, बोका प्रति गोटा	१५०।	
ग	हास कुखुरा र अन्य पशुपन्क्षि प्रति गोटा	२५।	
१९	**पोल्ट्रिफर्म सञ्चालन**	५५०।	

नोटः म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरुबाट बुझाउनु पर्ने सम्पुर्ण व्यवसायकर र प्रती वर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसायकर असुल गरिनेछ ।

अनुसुची ५

विज्ञापन कर

क्र.सं	विज्ञापन कर	रकम
१	साइन बोर्ड, ग्लोब बोर्ड, स्टल आदिमा २५ वर्ग फिट भन्दा माथि	२२००।
२	साइन बोर्ड, ग्लोब बोर्ड, स्टल आदिमा २५ वर्ग फिट भन्दा सम्म	१५००।
जम्मा		१५०००।

अनुसुची ६

पार्किङ शुल्क

क्र.सं.	शुल्क	रकम
१	ठुला सवारि साधन प्रति घण्टा	१०
२	साना सवारि साधन प्रति घण्टा	५
	जम्मा	५०००

अनुसुची ७

सेवा शुल्क तथा सिफारिस दस्तुर

गाउँपालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको निम्न बमोजिम निवेदन फाराम, निवेदन दस्तुर र सिफारिस दस्तुर लिने ।

क्र.स	विवरण	आ.व.२०७९।०८० का लागी तोकीएको सेवा शुल्क तथा सिफारिस दस्तुर
१	घर जग्गा नामसारी	५००।
२	मोही लागत कट्टा	१०००।
३	घर कायम सिफारिस	५००।
४	छात्रवृती सिफारिस	नलाग्ने
५	विपन्न विद्यार्थी छात्रवृत्ति सिफरिस	नलाग्ने
६	अपांग सिफारिस	नलाग्ने
७	अस्थायी बसोबास सिफारीस	१०००।
८	स्थायी बसोबास सिफारिस	५००।
९	नागरिकता सिफारिस	५०।
१०	अगींकृत नागरिकता सिफारिस	५०००।
११	आर्थिक अवस्था कमजोर सिफारिस	नलाग्ने
१२	आर्थिक अवस्था सम्वन्धि सिफारिस बलियो	१०००।
१३	विघुत्त जडान सिफारिस (नक्सा पास भएको)	१००।
१४	विद्युत जडान सिफारिस (नक्सा घरको पास नभएको)	१५०।
१५	धारा जडान सिफारिस (नक्सा पास भएको)	१००।
१६	धारा जडान सिफारिस (नक्सा पास नभएको)	१५०।
१७	जिवित रहेको सिफारिस	२००।
१८	जग्गा मुल्याकन सिफारिस /प्रमाणीत प्रती लाख	५००।

१९	व्यवसाय वन्द सिफारिस	५००।
२०	व्यवसाय सन्चालन नभएको सिफारीस	२००।
२२	अदालत शुल्क मिनाहा सिफारिस	नलाग्ने
२३	नाबालक सम्वन्धि सिफारिस	५०।
२४	चौपाया ओसार पसार सम्वन्धी सिफारिस	१०५०।
२५	व्यवसाय दर्ता सर्जमिन सिफारिस	१००।
२६	उद्योग ठाउसारी सिफारिस	१०५०।
२७	विद्यालय ठाउसारी सिफारिस	१०५०।
२८	आनतरीक बसाईसराई सिफारिस	२००।
२९	विद्यालय कक्ष बृद्धि , सिफारिस (निजी)	२२००।
३०	पुर्व प्राथमीक विद्यालय ओल्ने सिफारिस /अनुमती निजी)	२२००।
३१	व्यक्तिगत विवरण सिफारिस	१००।
३२	जग्गा दर्ता सिफारिस	१०००।
३३	संरक्षक सिफारिस (व्यक्तिगत)	नलाग्ने
३४	सरकारको नामा बाटो कायम सिफारिस	५००।
३५	नाता प्रमाणीत	१००।
३६	नाता प्रमाणीत गर्नुपर्नेको हकमा	२००।
३७	नाता प्रमाणीत सिफारिस (अंग्रेजी)	५००।
३८	नि:शुल्क स्वास्थ्य उपचार सिफारिस	नलाग्ने
३९	अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने	नलाग्ने
४०	अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा	२०००।
४१	संस्था दर्ता सिफारिस (नाफामुखी)	१०५०।
४२	संस्था नविकरण	५००।

४३	संस्था दर्ता सिफारिस (गैर नाफामुखी)	५००।
४४	संस्था नविकरण र गैर नाफामुखी)	२००।
४५	फर्म दर्ता (घ वर्ग)	[illegible] ५००। (२५००/५५००)
४६	फर्म नविकरण (घवर्ग)	१५००।,२५००।-
४७	घर बाटो प्रमाणीत (मुल सडक अन्तर्गत)	५००।
४८	चार किल्ला प्रमाणीत	१५००।
४९	जन्म दर्ता प्रमाणीत	५०।
५०	विवाह प्रमाणीत	५०।
५१	फरक फरक नाम , थर प्रमाणीत , सिफारिस	१५०।
५२	फरक फरक जन्म मिति प्रमाणीत , सिफारिस	२५०।
५३	कागत /मञ्जुरीनामा प्रमाणीत	१००।
५४	हकदार प्रमाणीत	२५०।
५५	अविवाहित प्रमाणीत	१५०।
५६	जग्गा धनी पुर्जा हराएको सिफारिस	१५०।
५७	मिलापत्र कागत गराउने	५०० दुवै पक्षबाट ५०० का दरले जम्मा रु १०००।
५८	जन्म /मृत्यु /बसाईसराई /सम्वन्धविच्छेद दर्ता	५०। (३५ दिन भित्र नि:शुल्क)
५९	प्रमाणीकरण (भेरिफीकेशन)	१००।
६०	बन्द कोठा खोल्ने रोहवरमा	१००।
६१	नयां मदिरा सिफारिस डिलर	१५०००।
६२	नयां मदिरा सिफारिस (फुटकर)	१००००।
६३	मदिरा नविकरण (डिलर)	५०००।
६४	मदिरा नविकरण (फुटकर)	३०००।

CamScanner

६५	बाखाको उपचार वाफत	५।००
६६	पशूको उपचार वाफत	१०।००
६७	कूकूर विरालो , घोडा र खच्चर	२५।००
६८	कूखूराको पोष्टमार्टम	५०।००
६९	गूठीको नामसारी तथा सेयर खरिद	५०००।
७०	एक्सरे	२५०।
७१	भिडियो एक्सरे	३००।
७२	फर्म दर्ता	६५०।
७३	नविकरण	५००।
७४	भेडा च्याङग्रा डूलाई घूमाई चरि चराउने प्रतिगोटा	५।
७५	एक्जाभेटर भाडाः (क) प्रति कार्य दिन (८घण्टा) वकेट वापत रु	२००००।
७६	एक्जाभेटर भाडाः (ख) प्रति कार्य दिन (८घण्टा) ब्रेकर वापत रु	२४०००।

पुर्विचौकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, डोटी

विनियोजन ऐन

पुर्विचौकी गाउँपालिका, डोटी को आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति :२०७९।०३।३२

<u>प्रस्तावना :</u> पुर्विचौकी गाउँपालिका, डोटी २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम पुर्विचौकी गाउँपालिका, डोटीको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम “पुर्विचौकी गाउँपालिका, डोटीको विनियोजन ऐन, ” रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>** (१)आर्थिक वर्ष २०७९/८०को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४७,८४,००,००० (अक्षेरुपी रुपैयाँ सत्वालिस करोड चौरासी लाख मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **<u>विनियोजन :</u>** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८०को निमित्त पुर्विचौकी गाउँपालिका, डोटीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

राम प्रशाद उपाध्याय
अध्यक्ष

CamScanner